# श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह

रासी सोनारी-३, बाँके

## बोलपत्रद्वारा गोलिया काठ र दाउरा लिलाम बिक्रीको सूचना

पहिलो पटक सुचना प्रकाशित मिति २०८१/०६/५(शनिबार)

यस सामुदायिक वन उपभोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २६६३ मिति २०८०/११/२९ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. २६० मिति २०८१/०४/२८ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन, धौटी, बिसैधा र सिसौं जातका गोलिया थान २६४ को १५५९.२३ क्यू.फि. काठ र साल जातको दाउरा ४.५० चट्टा, सिसौं जातको दाउरा ०.५ चट्टा र अन्य जातको दाउरा २.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम बिक्रिमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले **२१(एक्काईस)औं** दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

तपसील

| लट नं. | सि.नं. | जात | ग्रेड | थान | परिमाण घ.फी. | दर | न्यूनतम मूल्य | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | ए | ३ | ४०.१५ | १२५० | ५०१८७.५० | २५७२७२.९५ |
| | | | बि | २१ | २०९.४५ | ९०० | १८८५०५.०० | |
| | | | सि | १२५ | ६०३.६० | ६०० | ३६२१६०.०० | |
| | २ | असना | ए | ६ | १७३.११ | ४०० | ६९२४४.०० | |
| | | | बि | ४ | ४७.२७ | ३०० | १४१८१.०० | |
| | | | सि | ५ | २६.७८ | १०० | २६७८.०० | |
| | ३ | कर्मा | ए | १ | १२.९२ | ४०० | ५१६८.०० | |
| | | | बि | १ | १०.५८ | ३०० | ३१७४.०० | |
| | | | सि | ४ | १४.३८ | १०० | १४३८.०० | |
| | ४ | जामुन | सि | २ | १२.२८ | १०० | १२२८.०० | |
| | ५ | धौटी | | ५ | ५०.६४ | १०० | ५०६४.०० | |
| | ६ | बिसैधा | | ७ | १३०.३९ | १०० | १३०३९.०० | |
| | ७ | सिसौं | ए | ६ | ४३.५७ | ७०० | ३०४९९.०० | |
| | | | बि | ७४ | १८४.११ | ५०० | ९२०५५.०० | |
| गोलियाको जम्मा | | | | २६४.० | १५५९.२३ | | ७८८४३३.० | २५७२७३.० |
| साल जातको दाउरा चट्टा | | | | | ४.५० | १२००० | ५४०००.०० | ५४०००.०० |
| सिसौं जातको दाउरा चट्टा | | | | | ०.५० | १२००० | ६०००.०० | ६०००.०० |
| अन्य जातको दाउरा चट्टा | | | | | २.०० | ४००० | ८०००.०० | २४०००.०० |
| | | | | | | कुल जम्मा | ८५६४३३.० | ३४१२७३.० |

१. बोलपत्र खरीद गर्नु पर्ने अन्तिम मिति र समयः- २०८१/०६/२५ कार्गालय समय सम्म ।

२. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समयः- २०८१/०६/२६ गते दिउँसो २:३० बजे सम्म ।

३. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशत रकम यस समूहको कृषि बिकास बैंक, धम्बोजी शाखामा रहेको हिसाव नं. ०७२३००३७३८३४०१८मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको बैंक ग्यारेन्टी समाबेश गरेको हुनु पर्नेछ ।

४. बोलपत्र फारम रु १०००/- (पछि फिर्ता नहुने गरि) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बाँकेबाट खरीद तथा दाखिला गर्न सकिनेछ ।

लिलाम हुने वन पैदावार कार्यालय खुलेको समयमा यस सा.व.उ.स. को घाटगद्धीमा गइ हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिने डि.व.का.मा सूचिकृत भएका ईच्छुक काठदाउरामा आधारित उद्योगहरुले सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी सहित नेपाली नागरिकताको प्रमाण-पत्र, कर दर्ता/चुक्ताको प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिबृद्दी कर दर्ताको प्रतिलिपी वा स्थायी लेखा नं.(पि.पि.एन.) दर्ताको प्रमाण-पत्रको प्रतिलिपी, कारोबार गर्न अनुमति पाएको फर्मको प्रतिलिपी साथ सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

७. निर्धारित न्यूनतम संख्या र रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मिति २०८१/०६/२७ गते दिउसो २:३० बजे समूहले समूह, कार्यालयहरु, बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोल्न सकिनेछ ।

८. बोलपत्र खरीद दाखिला वा खोल्ने दिन बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ ।

९. लिलाम बिक्रि सदर भएको जानकारी प्राप्त भएको मितिले वा समूहले कार्यालयको सूचना पाटिमा टाँस गरेको मितिले १० दिन भित्र सकार रकम, मूल्य अभिबृद्धि कर तथा संकलन खर्च नियमानुसार छुट्टाछुट्टै बुझाइ लिलाम चढेका वन पैदावार तोकिएको अवधी भित्र उठाइ लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार समूहमा रहनेछ

१२. छुट्टाछुटै लटका लागि अलग अलग सिलबन्दी खाम प्रयोग गर्नु पर्नेछ ।

१३. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

जय प्रकाश चौधरी
अध्यक्ष

श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह
राप्तीसोनारी-३, बाँके